# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः ६ | मितिः२०८०।०५।१३ |

**भाग २**

**पथरी शनिश्चरे नगरपालिका**

कार्यविधिको नामः **नगर खेलकुद सञ्चालन कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।११

प्रमाणिकरण मितिः २०८०।०५।१३

CamScanner

# नगर खेलकुद सञ्चालन कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०/०५/११

प्रस्तावनाः

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी स्वस्थ्य प्रतिष्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन, युवाहरुमा खेलकुद प्रति सकारात्मक भावनाको विकास गरी राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्न, युवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतवाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्ने साथै नगर तथा वडा स्तरमा खेलकुदका गतिविधिहरुलाई योजनावद्ध तथा व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यलाई मूर्तरुप दिन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा (४) को (क) बमोजिम पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकावाट स्वीकृत गरी यो "नगर खेलकुद सञ्चालन कार्यविधि, २०८०" जारी गरिएको छ ।

## परिच्छेद - १
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम "नगर खेलकुद सञ्चालन कार्यविधि,२०८०" रहनेछ । यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले "नगर खेलकुद संचालन कार्यविधि, २०८०" सम्झनुपर्छ।

(ख) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

ग) "नगर खेलकुद विकास समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनुपर्छ।

(घ) "क्लब, संघ, संस्था" भन्नाले पथरी शनिश्चरे नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका पथरी शनिश्चरे नगर क्षेत्र भित्रका, क्लब र संघ-संस्थाहरु भन्ने सम्झनुपर्छ ।

ङ) "खेलाडी" भन्नाले वडा स्तरीय टिम, क्लब, संघ-संस्थामा सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

शशि राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(च) "प्रशिक्षार्थी" भन्नाले पथरी शनिश्चरे नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी क्लब, संघ-संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनुपर्छ ।

(छ) "प्रशिक्षक" भन्नाले पथरी शनिश्चरे नगरपालिकाद्वारा संचालित खेलकुद प्रशीक्षणमा सहभागी प्रशिक्षक क्लब, संघ-संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

(ज) "खेलाडी विवरण" भन्नाले क्लब, संघ-संस्थाहरुले आफ्नो क्लब, संघ-संस्थामा आवद्ध भनी प्रमाणित गरी नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्दछ ।

(झ) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप-समितिका पदाधिकारी भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद - २
## उद्देश्य

३. **नगर खेलकुद विकास समितिका उद्देश्यहरु :**

(क) नगरको खेलकुदको विकासमा सहयोग पुर्‍याउने,

(ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्ने तथा खेलकुद सम्बद्ध निकायकाबीच समन्वय गरी खेलकुदको विकास गर्न सहयोगगर्ने,

(ग) स्वस्थ्य प्रतिष्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

(घ) टोल, गल्ली, चौक, सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ-संस्थालाई परिचालन गर्ने,

(ङ) नगरवासीहरुमा खेलकुद प्रति सकारात्मक भावनाको विकास गरी खेलकुद लाई व्यवसायिक रुपमा अंगीकार गर्न प्रोत्साहन गर्ने,

(च) खेलकुदमा महिला सहभागीता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने,

(छ) खेलकुद विकासको निम्ति विभिन्न सामाजिक संघ-संस्था र विद्यालयहरुलाई सरिक गराउने,

ज) नगरमा खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

(झ) नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग पुर्‍याउने,

(ञ) पथरी शनिश्चरे नगरपालिका भित्रबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिष्पर्धा गर्न सक्ने खेलाडीहरु उत्पादन गर्न सहयोग गर्ने,



पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ट) क्बल, संघ-संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने/गराउने,

(ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन गर्ने,

(ड) नगर खेलकुद विकास समिति अन्तर्गत रहेका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ढ) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा खेलकुदको माध्यमबाट ख्याती प्राप्त खेलाडीलाई सम्मान गर्ने ।

(ण) खेलकुदको पूर्वाधार विकासका लागि नगरपालिकालाई आवश्यक सल्लाह-सुझाव दिने।

## परिच्छेद - ३

## निर्देशक समिति, नगर खेलकुद विकास समितिको गठन र बैठक सञ्चालन

४. **निर्देशक समितिः**१.नगर स्तरीय खेलकुद विकासलाई आवश्यक निर्देशन परामर्श तथा समन्वय गर्नेका लागि तपसिल अनुसारको निर्देशक समिति रहनेछ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

५. **निर्देशक समितिको काम कर्तव्य र अधिकार-** निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) नगरमा खेलकुद विकास समितिबाट तयार गरिएको वार्षिक कार्ययोजनामा आवश्यक छलफल तथा परिमार्जन गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ख) स्थानीय स्तरका खेलकुदको सम्बन्धी योजना निर्माण सम्बन्धमा नगर खेलकुद विकास समिति तथा वडा खेलकुद समितिलाई आवश्यक परामर्श प्रदान गर्ने।

(ग) वार्षिक रुपमा नगर खेलकुद विकास समिति मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट नगर खेलकुद विकास समिति मार्फत तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(घ) खेलकुद प्रतियोगिता सञ्चालन गर्न सम्बन्धीत क्लब, संस्थालाई आर्थिक सहयोगका लागि कार्यपालिकामा सिफारिस गर्ने। तत्काल कार्यपालिकाको बैठक बस्न सक्ने



शशि राई
प्रमुख प्रशासकीय अधिकृत

अवस्था नभएमा नगर प्रमुखले कार्यपालिकाबाट अनुमोदन हुने गरि आवश्यक सहयोग उपलब्ध गराउने।

(ङ) प्रत्येक वडाका खेलकुद विकास समितिका संयोजकहरुलाई समेत आमन्त्रण गरी खेलकुद विकास सम्बन्धमा नगरको खेलकुद योजना निर्माण गर्ने,

(च) निर्देशक समितिले खेलकुद विकास समिति वा अन्य खेलकुद सम्बन्धी संस्था/समितिहरुलाई खेलकुद विकासका सम्बन्धमा आवश्यक निर्देशन दिने छ साथै त्यस्तो निर्देशनको पालना गर्नु खेलकुद समिति/संस्थाको कर्तव्य हुनेछ ।

(छ) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**६.नगर खेलकुद विकास समिति**

नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद विकास समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुखले तोकेको व्यक्ति- | संयोजक |
| ख) निर्देशक समितिबाट मनोनित - | सह- संयोजक |
| ग) जिल्ला खेलकुद परिषद्बाट मान्यता प्राप्त खेलमा नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा खेल जगतमा ख्याति आर्जन गरेका खेलाडी/पूर्व खेलाडी वा प्रशिक्षकहरु मध्येबाट कार्यपालिकाबाट मनोनित कम्तिमा २(दुई) जना महिला सहित ५(पाँच) जना- | सदस्य |
| घ) सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत खेलकुद शिक्षकहरु मध्येबाट कार्यपालिकाबाट मनोनित २(दुई) जना - | सदस्य |
| ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- | सदस्य सचिव |

७. नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

८. नगर खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**९. नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार-** नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) नगर स्तरीय खेलकुद क्यालेण्डर तयार गरी स्वीकृतका लागि निर्देशक समिति मार्फत नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको प्रतियोगिता सञ्चालन गर्न आवश्यक योजना निर्माण गरी निर्देशक समितिमा पेश गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने/गराउने ।

(घ) आवश्यकता अनुसार शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने ।

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य ग.पा/न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकुद सँग सम्बन्धित संघ-संस्था, क्लवहरुको सञ्चालनमा समन्वय र नियमन गर्ने,

(छ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगका लागि निर्देशक समितिमा सिफारिस गर्ने,

(झ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने

(ञ) विद्यालय स्तरीय खेलकुद गतिविधि सञ्चालन गर्ने/गराउने

(ट) समितिले आवश्यकता पहिचान गरी प्रशिक्षकहरुको व्यवस्था गरेर विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु सञ्चालन गर्ने/गराउने ।

(ठ) खेलकुदलाई व्यवसायिकरण गर्न सहयोग गर्ने,

(ड) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

१०. वडा खेलकुद विकास समिति -नगर खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा देहाय बमोजिमको वडा खेलकुद विकास समिति गठन गरिनेछ ।

क) वडा अध्यक्षले तोकेको व्यक्ति - संयोजक

ख) वडा समितिले मनोनयन गरेको सम्बन्धित वडा भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षकहरु मध्येबाट १ (एक) जना- सदस्य

ग) वडा सदस्य मध्येबाट वडा समितिले मनोनयन गरेको १ जना - सदस्य

घ) वडा खेलकुद समितिको सिफारिसमा वडासमितिले मनोनयन गरेको विभिन्न खेलकुद विधासँग सम्बन्धित १ (एक) महिला सहित ३ जना - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

११. वडा खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार

वडा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार - खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) वडा स्तरीय खेलकुद क्यालेण्डर निर्माण गरी वडा समितिमा पेश गर्ने र सोको जानकारी नगर खेलकुद विकास समितिलाई दिने ।

(ख) वडास्तरीय खेलकुद कार्यक्रम संञ्चालन गर्ने/गराउने

(ग) वडास्तरका खेलकुद सञ्चालनका लागि आवश्यक योजना निर्माण गर्ने/गराउने ।

(घ) वडा स्तरमा खेलकुदको व्यवसायिकता अभिवृद्धि गर्ने/गराउने,

(ङ) वडा भित्रका शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने ।

(च) वडा स्तरीय खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला/प्रदेश र संघमा पठाउन नगर समिति समक्ष सिफारिस गर्ने,

(छ) वडा स्तरका खेलकुदसँग सम्बन्धित, क्लव, सघं, संस्थाहरुको सञ्चालन सम्बन्धमा आवश्यक नियमन र समन्वय गर्ने,

(ज) नगर खेलकुद विकास समितिलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(झ) कानून अनसार दर्ता भएका वडा भित्रका खेलकुदसँग सम्बन्धित क्लव वा संस्थाहरुको अभिलेख राख्ने

(ञ) प्रशिक्षकहरुको व्यवस्था गरी वडामा विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु सञ्चालन गर्ने/गराउने ।

(ट) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**१२.समितिका सदस्यहरुको पदावधी-**(१) समितिका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त भएमा दफा ६ र १० अनुसारको प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा वडा खेलकुद विकास समितिको हकमा वडा समितिलेर नगर खेलकुद विकास समितिको हकमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पदबाट हटाउनसक्नेछ । त्यस्तो कारवाही गर्दा सम्वन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

१३. **सदस्यको अयोग्यता-** देहायको कुनै व्यक्ति समितिको सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) कालोसूचीमा परेको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय भुक्तान गरिरहेको व्यक्ति,

(ङ) मानसिक सन्तुलन गुमाएको व्यक्ति,

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

१४.**सदस्यता समाप्त हुने अवस्था-** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा १६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगतार तीन पटक भन्दा वढी वैठकमा अनुपस्थित भएमा ।

१५. **समितिको बैठक-** समितिको बैठक र निर्णय - (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव कारण देखाई बैठक बोलाइयोस् भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ ।



शशि राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१६.कार्यक्रम तथा बजेट- खेलकुद विकास प्रवर्द्धनको लागि नगरपालिकाले आवश्यक वजेट बार्षिक नगर विकास योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१७. नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकाले दर्ता भएका क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउनसक्नेछ ।साथै वडा स्तरीय समितिले सम्बन्धित वडामा समेत खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

१८. नगर खेलकुद विकास समिति आफैले वा नगरभित्रका क्लवहरु मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिमसंग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद - ५

## नगर क्षेत्रभित्रका क्लब र संघ संस्थाहरुको दर्ता र व्यस्थापन

१९. क्लव, संघ-संस्थाहरुको दर्ता र व्यवस्थापन सम्बन्धी (१) खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न चाहने क्लव, संघ-संस्थाहरुको दर्ता प्रक्रियाका लागि पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन,२०७७ तथा नियमावली, २०७८ मा भएको व्यवस्था बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्वन्धी क्लव, संघ-संस्थाले नगरपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न पाउने छैन ।

२०. संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने – (१) नगर पालिकामा दर्ता हुन चाहने क्लव, संघ-संस्थाहरुको दर्ता प्रक्रियाका लागि दरखास्त साथ देहायका कागजातहहरु संम्लग्न गर्नुपर्नेछ ।

(क) संस्थाको नाम र ठेगना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

(३) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाल क्लव, संघ-संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(४) दर्ता भएका क्लव, संघ संस्थाले जनसुकै खेलकुदको प्रतियोगिता गर्नु भन्दा अगडी नगर खेलकुद समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।



शशि राई
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद - ६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२१. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक खेलाडी क्लव, संघसंस्थाहरुलाई स्वागत/सम्मान कार्यक्रम गर्न सक्नेछ ।

२२. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी, भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्नसक्नेछ ।

२४. पथरी शनिश्चरे खेलकुद विकासको लागि आवश्यकता अनुसार क्लव, संघ-संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद - ७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२५.अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा नगरपालिकामा दर्ता भएका क्लब, संघ-संस्था वा विद्यालय/कलेज लाई सहभागी गराईनेछ ।

२६. विभिन्न खेलकुद प्रतियोगितामा नगरपालिकाको तर्फबाट सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगर खेलकुद समिति मार्फत नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको सुविधा प्रदान गरिनेछ ।

## परिच्छेद - ८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२७. नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिइनेछ ।

२८. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन वडा खेलकुद समितिको सिफारिस सहित नगर खेलकुद विकास समितिले माग गरे अनुसार आवेदन दिनु पर्नेछ ।

२९. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने तथा तोकिए अनुसारका कार्यहरु गर्ने गरी एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ। यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरकार्य पालिकाबाट तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधि एकपटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्न सकिनेछ ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी नगरपालिकामा माग गर्ने, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासन राख्ने र प्याकेज़ प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३३. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी नगर कार्यपालिकाबाट स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद -९

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

३४. **अनुशासनको कारवाही** : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा नगर खेलकुद समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीनपटक भन्दा बढी चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक् वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण/ व्यवस्थापक लाई सहभागी हुन नपाउने गरी नगर खेलकुद समितिले निलम्बन गर्न सक्नेछ ।

३५. आवश्यकताका आधारमा उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।

## परिच्छेद-१०

## आचार संहिता

३६.आचार संहिता- (१) खेल सम्बन्धी विषयका खेलाडी, क्लव, संघ-संस्थाहरु,समिति संयोजक तथा सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ -

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनका समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।



भरत राई
प्रमुख प्रशासकीय अधिकृत

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरी स्वदेशी टिम बनाउन पाइने छैन ।तर नगर खेलकुद विकास समितिले तोके अनुसार विदेशी खेलाडी समेतलाई आमन्त्रण गरी निर्माण गरिएको टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा वडाले सिफारिस गरेका टिम तथा क्लव, संघसंस्थाहरु लाई मात्र मान्यता दिइ खेलमा सहभागी गराइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको र उक्त सजाय भुक्तान गरिरहेको खेलाडीलाई खेलमा समावेश गरिनेछैन ।

(ङ) नगर खेलकुद विकास समितिको स्वीकृति नलिई प्राप्त गरेको शिल्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार वाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति वाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरि कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामवाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

३७. सौजन्यता - दर्तावाला क्लव, संघ-संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद-११

## बिविध

३८. सजायः (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा वदनियत साथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई २०,०००/- (वीस हजार) रुपैयाँ सम्म जरिवाना हुन सक्नेछ ।



शैलि राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३९. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. **प्रतिवेदन-** समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

४१. **बाधा अडकाउ फुकाउने अधिकार-** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

४२. **संशोधन-** यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

आज्ञाले,

शशि राई

प्रमुख प्रशासकीय अधिकृत



CamScanner